# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२ ) काठमाडौं, वैशाख ३१ गते २०४६ साल ( अतिरिक्ताङ्क ६

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरी बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०४९" रहेको छ ।

(२) यो अध्यादेश २०४९ साल वैशाख १ गतेदेखि प्रारम्भ भएको मानिने छ ।

२. सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधनः सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को,–

(१) दफा ३ को उपदफा (१) मा रहेका "रू. ६,०६५।–" र "रू. ४,७४०।–" भन्ने शब्दहरूलाई क्रमशः "रू. ८,०००।–" र "रू. ६,४००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ४ को,–

(क) उपदफा (१) मा रहेका "निजको मासिक पारिश्रमिकको आधा रकमसम्म" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. ३,०५०।– र रू. २,५००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "निजको मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू.३,०५०।– र रू. २,५००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ५ को,–

(क) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दैनिक भत्ताः

(१) प्रधान न्यायाधीशलाई रू. २०५।–

(२) न्यायाधीशलाई रू. १६०।–"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दैनिक भत्ताः प्रधानन्यायाधीश र न्यायाधीशलाई जापान, दक्षिण कोरिया, फिलिपिन्स बाहेक अन्य सबै एशियाई मुलुकहरूमा अमेरिकी डलर १०० (तर भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रामा) र जापान, दक्षिण कोरिया र फिलिपिन्स लगायत अन्य मुलुकहरूमा अमेरिकी डलर १२५ दिइनेछ ।"

(४) दफा ५ ख को,–

(क) उपदफा (१) मा रहेको "निजको वार्षिक पारिश्रमिकको एक तिहाई रकम" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. २४,३००।– र रू. १९,०००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "निजको वार्षिक पारिश्रमिकको पच्चीस प्रतिशत" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. १८,२००।– र रू. १४,२५०।–" भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ५ ग को,–

(क) उपदफा (१) मा रहेका "आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. ६,१००।– र रू. ४,८००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. ३,०५०।– र रू. २,४००।–" भन्ने शब्दहरू राखिएका छन् ।

३. <u>महालेखा परीक्षकको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२३ मा संशोधनः</u> महालेखा परीक्षकको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२३ को,–

(१) दफा २ को उपदफा (१) मा रहेका "रू. ४,८१५।–" भन्ने शब्दहरूको सट्टा "रू. ६,४००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा २ ख को,–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उपदफा (१) मा रहेका "निजको मासिक पारिश्रमिकको आधा रकमसम्म" भन्ने शब्दहरूको सट्टा "रू. २,५००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "निजको मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरूको सट्टा "रू. २,५००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ३ को,–

(क) उपदफा (१) को खण्ड (क) मा रहेका "आफ्नो एक दिनको पारिश्रमिक बराबरको रकम" भन्ने शब्दहरूको सट्टा "रू. १६५।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दैनिक भत्ताः जापान, दक्षिण कोरिया, फिलिपिन्स बाहेक अन्य सबै एशियाई मुलुकहरूमा अमेरिकी डलर १०० (तर भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रामा) र जापान, दक्षिण कोरिया र फिलिपिन्स लगायत अन्य मुलुकहरूमा अमेरिकी डलर १२५ दिइनेछ ।"

(४) दफा ३ ख को,–

(क) उपदफा (१) मा रहेका "निजको वार्षिक पारिश्रमिकको एक तिहाई रकम" भन्ने शब्दहरूको सट्टा "रू. १९,३००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "निजको वार्षिक पारिश्रमिकको पच्चीस प्रतिशत" भन्ने शब्दहरूको सट्टा "रू. १४,५००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ३ ग को, –

(क) उपदफा (१) मा रहेका "आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम" भन्ने शब्दहरूको सट्टा "रू. ४,८५०।–" भन्ने शब्दहरू राखिएका छन् ।



८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (२) मा रहेका "आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरूको सट्टा "रू. २,४२५।–" भन्ने शब्दहरू राखिएका छन् ।

४. लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधनः लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को,–

(१) दफा ३ को उपदफा (१) मा रहेका "रू. ४,८१५।–" र "रू. ४,१९०।–" भन्ने शब्दहरूको सट्टा क्रमशः "रू. ६,४००।–" र "रू. ५,६००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ४ को,–

(क) उपदफा (१) मा रहेका "निजको मासिक पारिश्रमिकको आधा रकमसम्म" भन्ने शब्दहरूको सट्टा "रू. २,५००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "निजको मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरूको सट्टा "रू. २,५००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(३) दफा ५ को,–

(क) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दैनिक भत्ताः (१) अध्यक्षलाई रू. १६५।–
(२) सदस्यलाई रू. १४०।–"

(ख) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

(क) दैनिक भत्ता : अध्यक्ष र सदस्यलाई जापान, दक्षिण कोरिया, फिलिपिन्स बाहेक अन्य सबै एशियाई मुलुकहरूमा अमेरिकी डलर १०० (तर भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रामा) र जापान, दक्षिण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कोरिया र फिलिपिन्स लगायत अन्य मुलुकहरूमा अमेरिकी डलर १२५ दिइनेछ ।"

(४) दफा ५ ख को,–

(क) उपदफा (१) मा रहेका "निजको वार्षिक पारिश्रमिकको एक तिहाई रकम" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. १९,३००।– र रू. १६,८००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२)मा रहेका "निजको वार्षिक पारिश्रमिकको पच्चीस प्रतिशत" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. १४,५००।– र रू. १२,६००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(५) दफा ५ ग को,–

(क) उपदफा (१) मा रहेका "आफ्नो एक महीनाको पारिश्रमिक बराबरको रकम" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. ४,८५०।– र रू. ४,२००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "आफ्नो एक महीनाको पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. २,४२५।– र रू. २,१००।–" भन्ने शब्दहरू राखिएका छन् ।

५. निर्वाचन आयुक्तहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधनः निर्वाचन आयुक्तहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को,–

(१) दफा ४ को उपदफा (१) मा रहेका "रू. ४,८१५।–" र "रू. ४,१९०।–" भन्ने शब्दहरूको सट्टा क्रमशः "रू. ६,४००।–" र "रू. ५,६००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ५ को,–

(क) उपदफा (१) मा रहेका "निजको मासिक पारिश्रमिकको आधा रकमसम्म" भन्ने शब्दहरूको सट्टा "रू. २,५००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "निजको मासिक पारिश्रमिकको आधा रकम" भन्ने शब्दहरूको सट्टा "रू. २,५००।–" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा ६ को,–

(क) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दैनिक भत्ताः–

(१) प्रमुख निर्वाचन आयुक्तलाई रू. १६५।–

(२) निर्वाचन आयुक्तलाई रू. १४०।–"

(ख) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दैनिक भत्ताः निर्वाचन आयुक्तलाई जापान, दक्षिण कोरिया, फिलिपिन्स बाहेक अन्य सबै एशियाई मुलुकहरूमा अमेरिकी डलर १०० (तर भारतको हकमा परिवर्त्य विदेशी मुद्रा बराबर भारतीय मुद्रामा) र जापान, दक्षिण कोरिया र फिलिपिन्स लगायत अन्य मुलुकहरूमा अमेरिकी डलर १२५ दिइनेछ ।"

(४) दफा ६ ख को,–

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तलाई एक आर्थिक वर्षमा क्रमशः रू. १६,३००।– र रू. १६,८००।– बराबरको विदेशी मुद्रा सटही सुविधा दिइने छ ।"

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तलाई एक आर्थिक वर्षमा क्रमशः रू. १४,५००।– र रू. १२,६००।– मूल्यको सामानमा भन्सार छूट दिइने छ ।"

(५) दफा ६ग को सट्टा देहायको दफा ६ग राखिएको छः–

"६ग. लुगा भत्ताः (१) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तले आफ्नो ओहदा सम्बन्धी काममा वा श्री ५ को सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिराज्य बाहिर जाँदा तीन वर्षमा एक पटक क्रमशः रू. ४,८५०।– र रू. ४,२००।– लुगा भत्ता वापत पाउने छन् ।

(२) उपदफा (१) बमोजिम नेपाल अधिराज्य बाहिर जाँदा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तले आफ्नो श्रीमती समेत साथमा लैजाने स्वीकृति पाएमा श्रीमतीको लागि क्रमशः रू. २,४२५।– र रू. २,१००।– तीन वर्षमा एक पटक लुगा भत्ता वापत पाउने छन् ।"

६. संसदका केही पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४८ मा संशोधन : संसदका केही पदाधिकारीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४८ को,–

(१) दफा ११ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दैनिक भत्ताः अनुसूची १ मा उल्लेख गरिए बमोजिमको रकम ।"

(२) दफा १२ मा रहेका "एक महीनाको पारिश्रमिक बराबरको" भन्ने शब्द-हरूको सट्टा "अनुसूची १ मा उल्लेख गरिएको" भन्ने शब्दहरू राखिएका छन् ।

(३) अनुसूची १ को,–

(क) शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः–

"(दफा ३, ४, ८, ९, ११ र १२ संग सम्बन्धित)

सम्बन्धित पदाधिकारीले पाउने सुविधा"

(ख) क्रमसंख्या १ को सट्टा देहायको क्रमसंख्या १ राखिएको छः–

| | | | | | |
|---|---|---|---|---|---|
| "१ | पारिश्रमिक प्रतिमहीना रू. | ७,०००।– | ७,०००।– | ६,७००।– | ५,८००।–" |

(ग) क्रमसंख्या ६ पछि देहायको क्रमसंख्या ६क थपिएको छ :–

| | | | | | | |
|---|---|---|---|---|---|---|
| "६क | दैनिक भत्ता | दैनिक रू. | एक सय नब्बे | एक सय नब्बे | एक सय असी | एक सय पचास" |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) क्रमसंख्या ७ पछि देहायको क्रमसंख्या ८ थपिएको छ :-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| "८ | लुगा भत्ता | तीन वर्षमा एक पटक रू. | पाँच हजार पाँच सय सत्तरी | पाँच हजार पाँच सय सत्तरी | पाँच हजार तीन सय बीस | चार हजार पाँच सय" |

७. **पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०४८ मा संशोधन :** पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०४८ को,–

(१) दफा ३ मा रहेका "रू. ४,७४०।–", "रू. ४,४४०।–" र "रू. ३,५००।–" भन्ने शब्दहरूको सट्टा क्रमशः "रू. ६,४००।–", "रू. ५,५००।–" र "रू. ४,८००।–" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) बमोजिम सरकारी घरको बन्दोवस्त हुन नसकी न्यायाधीश भाडाको घरमा बस्नु परेमा निजलाई देहाय बमोजिम मासिक घरभाडा र आफ्नै घरमा बसेमा पनि घर सफाई एवं मर्मतको निमित्त देहाय बमोजिमको वार्षिक रकम दिइने छः–

(क) पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाईः–

| घरभाडा | घर सफाई र मर्मत |
|---|---|
| रू. २,५००।– | रू. २,५००।– |

(ख) पुनरावेदन अदालतको अन्य न्यायाधीशलाईः–

| घर भाडा | घर सफाई र मर्मत |
|---|---|
| रू. २,२२०।– | रू. २,२२०।– |

(ग) जिल्ला अदालतको न्यायाधीशलाईः–

| घर भाडा | घर सफाई र मर्मत |
|---|---|
| रू. १,७५०।– | रू. १,७५०।– " |

(३) दफा १० को उपदफा (१) को,–

(क) खण्ड (क) मा रहेका "आफ्नो एक दिनको पारिश्रमिकको आधा" भन्ने शब्दहरूको सट्टा "रू. ८०।–" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका "आफ्नो एक दिनको पारिश्रमिकको एक तिहाई" भन्ने शब्दहरूको सट्टा "क्रमशः रू. ५०।– र रू. ४०।–" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त सम्बन्धी ऐन, २०२६ मा संशोधन : प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त सम्बन्धी ऐन, २०२६ को दफा ७ मा रहेका "रू. ५,१७५।–" भन्ने शब्दहरूको सट्टा "रू. ६,४००।–" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०४६।१।३१।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।